# लुम्बिनी प्रदेशको शैक्षिक विकासमा बुटवल बहुमुखी क्याम्पसको योगदान

# Contribution of Butwal Multiple Campus to the Development of Education in Lumbini Province

नारायणप्रसाद पन्थ[१]
यज्ञप्रसाद ज्ञवाली[२*]
विष्णु शर्मा ज्ञवाली[३]

**[१,२,३]उपप्राध्यापक**
त्रिभुवन विश्वविद्यालय
[१]बुटवल बहुमुखी क्याम्पस, बुटवल
[२]महेन्द्ररत्न क्याम्पस ताहाचल, काठमाडौँ
[३]शिक्षाशास्त्र केन्द्रीय विभाग, कीर्तिपुर

**Email:**
naryan.pantha@bumc.tu.edu.np
*Corresponding author:
ganwali.yagya@gmail.com
bishnu.sharma@tucded

प्रकाशन : २०७९, मङ्सिर
Published: 2022 December
Doi:
https://doi.org/10.3126/bns.v26i1.61461

This is an open access article distributed under the terms and conditions of the Creative Commons Attribution (CC BY NC)
https://creativecommons.org/licenses/by/4.0

© 2022 by the author

**Journal**
**विकासको निम्ति शिक्षा**
**Bikashko Nimti Shiksha**
**ISSN:** 2616-0188 (Print)
3021-954X (Online)
**website:**
https://www.nepjol.info/index.php/bns
**Published By**
Research Centre for Educational Innovation and Development (CERID)
http://www.cerid.tu.edu.np

**लेखसार**

बुटवल बहुमुखी क्याम्पस लुम्बिनी प्रदेशको शैक्षिक केन्द्रका रूपमा परिचित हुँदै 'क' वर्गको क्याम्पसका रूपमा स्थापित भएको संस्था हो। यसले रूपन्देही, नवलपरासी, अर्घाखाँची, कपिलवस्तु, पाल्पा, गुल्मी, स्याङ्जा, पर्वत, प्युठान, लगायत जिल्लाका विद्यार्थीहरूलाई सेवा पुऱ्याउँदै आएको छ। यो क्याम्पस विभिन्न सङ्काय र विषयका पठनपाठन, प्राप्त नतिजा, उत्पादित जनशक्ति तथा विद्यार्थी सङ्ख्याका आधारमा शैक्षिक केन्द्रका रूपमा स्थापित भएको छ। यहाँ विज्ञान तथा प्रविधि अध्ययन संस्थान अन्तर्गत बिएस्सी, कानुन सङ्कायमा स्नातक तथा मानविकी, शिक्षाशास्त्र र व्यवस्थापन सङ्कायमा स्नातक र स्नातकोत्तर तहका कक्षा सञ्चालन हुँदै आएका छन्। यो क्याम्पस देशका विभिन्न निकायलाई आवश्यक पर्ने जनशक्ति उत्पादनको केन्द्रबिन्दु बनेको छ। प्रस्तुत लेख बुटवल बहुमुखी क्याम्पसको विगतदेखि वर्तमानसम्मको यात्रा कसरी निर्धारण भएको छ भन्ने मूल समस्यासँग जोडिएर तयार पारिएको छ। क्याम्पसको इतिहासदेखि वर्तमानसम्मका गतिविधिको अध्ययन गर्नु यस लेखको मुख्य उद्देश्य रहेको छ। यस लेखमा प्राथमिक तथा द्वितीयक दुवै स्रोतका सामग्रीको उपयोग गरिएको छ। प्राथमिक स्रोतअन्तर्गत सम्बन्धित विद्वान्सँग अन्तर्वार्ता, अन्तरक्रिया तथा छलफलका माध्यमबाट सामग्री सङ्कलन गरिएको छ। द्वितीयक स्रोतअन्तर्गत विभिन्न लेख, बुलेटिन, टिप्पणीलगायत पुस्तकालय कार्यबाट प्राप्त सामग्री उपयोग गरिएको छ। यस लेखमा क्याम्पसको परिचयमात्र नभएर इतिहास पनि निर्धारण गरिएकाले इतिहास लेखनको पद्धति उपयोग गरिएको छ। क्याम्पसको नतिजा विश्लेषणका लागि तथ्याङ्कीय मानकलाई आधार बनाइएको छ। सङ्कलित सामग्रीको विश्लेषण गरी लुम्बिनी प्रदेशको शैक्षिक विकासमा बुटवल बहुमुखी क्याम्पसको महत्वपूर्ण योगदान रहेको निष्कर्ष निकालिएको छ।

***शब्दकुञ्जी*** : कलेज अफ एजुकेसन, घुम्ती केन्द्र, नर्मल तालिम, शिक्षाशास्त्र, सङ्काय

**How to cite this article (APA)**

**English:** Pantha, N. P., Gywali, Y. P., Gywali, B. S. (2022). Contribution of Butwal Multiple Campus to the development of education in lumbini province. *Bikashko Nimti Shiksha. 26*(1), 85-106. https://doi.org/10.3126/bns.v26i1.61461

**नेपाली :** पन्थ, नारायणप्रसाद, ज्ञवाली, यज्ञप्रसाद र ज्ञवाली, विष्णु शर्मा, (२०७९), लुम्बिनी प्रदेशको शैक्षिक विकासमा बुटवल बहुमुखी क्याम्पसको योगदान, *विकासको निम्ति शिक्षा, २६*(१), ८५-१०६ ।https://doi.org/10.3126/bns.v26i1.61461

## Abstract

Butwal Multipule Campus has been recognized as an 'A' class educational institution and has become the educational hub of the Lumbini province. It has been providing education to the students of Rupandehi, Nawalparasi, Arghakhanchi, Kapilvastu, Palpa, Gulmi, Syangja, Parwat, Pyuthan and other districts for five decades. This campus has been established as an educational hub on the basis of teaching under different faculties, programs, subjects, results, produced manpower and number of students. This campus has offered B.Sc. under the instutute of Science and Technology, LLB under the Faculty of Law, Bachelor and Master Degree programs under the faculties of Humanities and Social Sciences, Education and Management. This campus has become a centre for producer skilled manpower for various agencies in Nepal. The presented article has been prepared by connecting Butwal Multiple Campus with the basic problem of how the journey from the past to present has been determined. The main objective of this article is to study information concerned with the activities of the campus from its history to the present. Both primary and secondary sources of data have been used while preparing this article. Primary data were collected through interactions, interviews and discussions with the scholars. Various published papers, bulletins, reports and other library resources have been used as the secondary source of data. To prepare this article, the historical approach to writing has been used as this article encompasses both the introduction and the history of the campus. The result of the campus have been analyzed on the basis of the stastical Standard. Based on the analysis of the available data, the study concludes that Butwal Multiple Campus has a significance contribution to the development of education in Lumbini Province.


***Keywords:*** College of Education, Ghumti Kendra, normal Training, Faculty of Education

## परिचय

त्रिवि नेपालको उच्च शिक्षाको धरोहर संस्था हो । वि.सं. २०१६ सालमा स्थापना भएको यो विश्वविद्यालय २०२८ सालको नयाँ शिक्षा योजनापछि सामुदायिक क्षेत्रबाट स्थापना भएका सबै कलेजहरू समाहित गरी विश्वविद्यालयको वर्तमान स्वरूपमा आएको हो । नेपालमा हाल त्रिविका साथै नेपाल संस्कृत विश्वविद्यालय (२०४३), काठमाडौं विश्वविद्यालय (२०४८), पूर्वाञ्चल विश्वविद्यालय (२०५२), पोखरा विश्वविद्यालय (२०५४), लुम्बिनी बौद्ध विश्वविद्यालय (२०६१), मध्यपश्चिम विश्वविद्यालय (२०६७), सुदूरपश्चिम विश्वविद्यालय (२०६७), नेपाल कृषि तथा वन विश्वविद्यालय (२०६८), खुला विश्वविद्यालय (२०७३), राजर्षि जनक विश्वविद्यालय (२०७४), गण्डकी विश्वविद्यालय (२०७६), मनमोहन प्राविधिक विश्वविद्यालय (२०७६), मधेस कृषि विश्वविद्यालय (२०७८), लुम्बिनी प्राविधिक विश्वविद्यालय (२०७९), मधेस कृषि विश्वविद्यालय (२०७९) लगायतका विश्वविद्यालयहरू रहेका छन् । उच्च शिक्षामा जनसहभागिता र

बहुविश्वविद्यालयको अवधारणाअनुसार बुटवल बहुमुखी क्याम्पसलगायत आङ्गिक तथा सम्बन्धन प्राप्त क्याम्पसहरूमा एउटै प्रकृतिका शैक्षिक उपाधिका विषय पठनपाठनमा हुँदै आएका छन् ।

प्रजातन्त्रको स्थापनापछि नेपालको उच्च शिक्षाको विकासमा सरकारी र जनस्तर दुवै तहबाट प्रयासहरू भएका छन् । यसै क्रममा बुटवलमा पनि बुटवल बहुमुखी क्याम्पस परिसरमा २०२४ सालमा सुरुको लुम्बिनी कोचिङ कलेजलाई लुम्बिनी कलेज नामकरण गरी उच्च शिक्षाको थालनी गरिएको थियो । २०१४ सालमा प्राथमिक शिक्षक तालिम घुम्ती केन्द्रका रूपमा तानसेनमा सञ्चालन भई २०१८ सालमा स्थायी केन्द्रका रूपमा स्थापना भएको सो केन्द्र २०२८ सालमा त्रिवि शिक्षाशास्त्र अध्ययन संस्थान पाल्पा क्याम्पसमा परिणत भएको थियो । यसलाई पाल्पाकै गैरागाउँमा स्थायी केन्द्रका रूपमा स्थापना गरिएको थियो । तत्कालीन समयमा उक्त केन्द्र श्री ५ को सरकार शिक्षा मन्त्रालयद्वारा सञ्चालित कलेज अफ एजुकेसन अन्तर्गत नर्मल स्कुलको नामले परिचित थियो । त्यस स्कुलले २०२८/२०२९ सम्म सेवाकालीन तथा पूर्वसेवाकालीन नर्मल तालिम प्रदान गऱ्यो । उक्त स्कुलले शिक्षाशास्त्र अध्ययन संस्थान अन्तर्गत पाल्पा क्याम्पसका रूपमा परिणत भई पूर्वव्यावसायिक तालिम सञ्चालन गरेको थियो । यस पूर्वशिक्षकमा शिक्षण दक्षता अभिवृद्धि गर्ने उद्देश्यले पाल्पामा २०१४ सालमा दुई जना शिक्षक र ४५ जना छात्र शिक्षकबाट प्राइमरी स्कुल शिक्षक घुम्ती तालिम सञ्चालन गरिँदै आएको थियो । २०२८ सालदेखि उक्त कलेज त्रिवि शिक्षाशास्त्र अध्ययन संस्थान अन्तर्गत ल्याएर पाल्पा क्याम्पसमा परिवर्तन गरियो ।

पाल्पा क्याम्पसलाई २०३० पौष ४ गते बुटवलको लुम्बिनी कलेज रहेको स्थानमा सारिएको थियो । बुटवलमा आएपछि यस क्याम्पसको नाम परिवर्तन गरी बुटवल क्याम्पस राखियो । लुम्बिनी कलेज तथा निःशुल्क अनिवार्य प्राथमिक शिक्षा योजनाअन्तर्गतको केन्द्र नं २ को भवन तथा बुटवल माविको खेलमैदान, वनक्षेत्र, आवास क्षेत्र र खेलमैदानको एकीकरण गरी बुटबल क्याम्पसको स्थापना गरियो । यस क्याम्पसमा प्रथम वर्षदेखि पूर्वव्यावसायिक शिक्षाको सेवाकालीन तथा पूर्वसेवाकालीन तालिम पनि सञ्चालन भएका थिए ।

रामबहादुर शाक्यका अनुसार “बुटवलमा २०२५ सालमा मोदनाथ प्रश्रितको सक्रियतामा लुम्बिनी कलेज स्थापना भएको थियो । त्यो कलेज स्थापनामा बुटवल उद्योग सङ्घको सहयोग थियो । मेला लगाएर समेत अर्थसङ्कलन गरिन्थ्यो । सङ्घले चुङ्गी कर लिएर एक प्रतिशत रकम क्याम्पसलाई उपलब्ध गराउने गरेको थियो । क्याम्पसलाई पाल्पाबाट बुटवलमा स्थानान्तरण गर्न तत्कालीन अञ्चलाधीश मनमोहन मिश्रको ठुलो योगदान र पहल रहेको थियो । त्यस्तै तत्कालीन क्याम्पस प्रमुख सुन्दर श्यामभक्त माथेमाको योगदान पनि अतुलनीय छ” (व्यक्तिगत अन्तर्वार्ता, २०७९) । यसै गरी हेम कनौजे मगरका अनुसार “२०२७ सालमा वीरेन्द्रकुमार मल्लिकको सल्लाहमा हालको बुटवल क्याम्पसमा अध्यापन कार्य सुरु गरेको, उहाँकै सल्लाहमा एमएड अध्ययन गर्न गएको साथै तत्कालीन समयमा शैक्षिक सामग्रीमा जोड दिइने र कक्षा आठसम्म पढेका भए पनि सामान्य तालिम लिएपछि शिक्षक बन्न पाइने अवस्था थियो । यो क्याम्पस घुम्ती केन्द्र, स्थायी तालिम केन्द्र हुँदै बुटवल क्याम्पसमा रूपान्तरण भएको हो । शिक्षक विद्यार्थीमा निकै अनुशासन पालना हुन्थ्यो । यो क्याम्पस स्थापनामा चोलेश्वर शर्माको पनि योगदान थियो” (व्यक्तिगत अन्तर्वार्ता, २०७९) । यसै

गरी २०३३/२०३४ मा साधारण शिक्षातर्फको तेस्रो र चौथो सत्रसमेत थप भई यस क्याम्पसमा प्रमाणपत्र तह पुरा गर्ने व्यवस्था भयो । शिक्षाप्रेमीहरूको सहयोगमा २०४०/२०४१ को सत्रदेखि मानविकी तथा सामाजिकशास्त्र अध्ययन संस्थान अन्तर्गतको प्रवीणता प्रमाणपत्र तह पनि सुरु भएकाले बुटवल बहुमुखी क्याम्पसका रूपमा परिवर्तन भएको हो (पण्डित, २०४९, पृ.१) । यहाँ २०३१/०३२ सालदेखि अरू १० महिना थप गरी प्रवीणता प्रमाणपत्र तहका कक्षा सञ्चालन भएका थिए । यस क्याम्पसले एक दशक पुरा गरेपछि अन्य थप शैक्षिक कार्यक्रमहरू सञ्चालन भए । यस क्याम्पसका संस्थापक क्याम्पस प्रमुख वीरेन्द्रकुमार मल्लिक थिए । सुरुमा ६ जना शिक्षक तथा ३ जना प्रशासनिक कर्मचारी थिए । यहाँ २०३१ साल श्रावणदेखि रामबहादुर शाक्य, आनन्दमान सिंह शाक्य, रामलाल श्रेष्ठ, हेम कनौजे मगर, केशवलक्ष्मी श्रेष्ठ तथा गङ्गा कनौजे मगरले अध्यापन गर्न थालेका थिए ।

बुटवल बहुमुखी क्याम्पस स्थापनाका सन्दर्भमा रामलाल श्रेष्ठ भन्छन् : “क्याम्पसको प्रारम्भिक अवस्था प्राइमरी शिक्षक तालिम केन्द्रको विस्तारित कार्यक्रमजस्तै भयो । यस समयमा पूर्वव्यावसायिक शिक्षाको सेवाकालीन तथा पूर्वसेवाकालीन र प्राइमरी शिक्षक तालिम कार्यक्रम सञ्चालन गरिएका थिए । ०३१/०३२ मा पूर्वसेवाकालीन विद्यार्थीहरूलाई पनि भर्ना लिई प्रथम र दोस्रो सेमेस्टरका कक्षाहरू सञ्चालन गरिए । ०३३ /०३४ मा साधारण शिक्षातर्फ तेस्रो र चौथो सेमेस्टर थप गरिएपछि शिक्षाशास्त्र अध्ययन संस्थान अन्तर्गतको प्रमाणपत्र तहले पूर्णता पायो” (व्यक्तिगत अन्तर्वार्ता, २०७९) । यसरी शिक्षाशास्त्र अध्ययन संस्थान अन्तर्गत शिक्षा क्याम्पसका नामले परिचित यस क्याम्पसमा शैक्षिक वर्ष २०४०/०४१ मा मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत प्रवीणता प्रमाणपत्र तहका कक्षा सञ्चालन भएका थिए । स्थापना गरिएको दिन पौष ४ गतेलाई यस क्याम्पसको स्थापना दिन मान्ने गरिन्छ तर क्याम्पसको जन्मदिन मनाउने परम्परामा नियमितता पाइँदैन । यस क्याम्पसमा २०४० सालदेखि बिए, २०४४ सालमा आइएल २०४९/०५० मा बिएल, २०५१/०५२ मा दुई बर्से बिएड २०५४ मा ३ बर्से बिएड, बिएस्सी, बिएलका कक्षा सञ्चालन भए । २०६७/०६८ मा मानविकी सङ्कायतर्फ एमए अङ्ग्रेजी, २०६०/०६१ मा अर्थशास्त्र, २०६२/०६३ सालबाट एमएड (नेपाली शिक्षा, स्वास्थ्य शिक्षा, इपिएम, गणित, अङ्ग्रेजी) का कक्षा सञ्चालन हुँदै आएका छन् । स्नातकोत्तर मानविकी अर्न्तगत २०६८ सालमा नेपाली, २०६९/०७० बाट समाजशास्त्र, २०६८ बाट व्यवस्थापन सङ्कायतर्फ बिबिएस, २०७४ बाट एमबिएस तथा बिबिए र २०७६ बाट एलएलबीका कक्षाहरू सञ्चालन हुँदै आएका छन् । स्नातकमा बिएस्सी सिएसआइटी र बिएडतर्फ आइसिटी र यसको परिमार्जित पाठ्यक्रम बिआइसिटिई थप गरिएका छन् ।

यसरी बुटवलमा उच्च शिक्षाको आवश्यकता महसुस गरी स्थानीय उद्योगपति, व्यापारी, बुद्धिजीवी, समाजसेवी, बुटवल उद्योग वाणिज्य सङ्घ, विभिन्न व्यक्ति तथा संस्थाहरूले अग्रसरता देखाएअनुरूप बुटवल क्याम्पसको शैक्षिक, तहगत एवम् सङ्कायगत संरचनामा द्रुतगतिमा परिवर्तन आएको छ । प्रस्तुत लेखको मूल उद्देश्य बुटवल बहुमुखी क्याम्पसको इतिहासदेखि वर्तमानसम्मका गतिविधिको अध्ययन गर्नु हो । यस लेखमा यही मुख्य उद्देश्यसँग गाँसिएर निम्नानुसारका सहवर्ती उद्देश्यहरू आएका छन् :

(क) क्याम्पसको विगतदेखि वर्तमानसम्मको अवस्था पत्ता लगाउनु,

(ख) क्याम्पससँग सम्बन्धित व्यक्तिहरूका क्याम्पससम्बन्धी दृष्टिकोण पत्ता लगाउनु,

(ग) क्याम्पसमा अध्ययनरत विद्यार्थीका उपलब्धि पत्ता लगाउनु ।

## अध्ययन विधि

प्रस्तुत लेखमा बुटवल बहुमुखी क्याम्पसको स्थापना कालदेखि वर्तमानसम्मका शैक्षिक गतिविधिको अध्ययन गरिएको छ । क्याम्पसको वर्तमानसम्मको शैक्षिक यात्रा पत्ता लगाउनका निम्ति प्राथमिक सामग्रीका रूपमा सम्बन्धित जानकार विद्वान्सँग अन्तर्वार्ता, अन्तरक्रिया तथा छलफलका माध्यमबाट प्राथमिक तथ्याङ्क सङ्कलन गरिएको छ । क्याम्पसमा अध्ययनरत विद्यार्थीहरूले प्राप्त गरेका नतिजाको विश्लेषण गरिएको छ । द्वितीयक सामग्रीका रूपमा क्याम्पसका बारेमा पूर्वप्रकाशित स्मारिका तथा पत्रपत्रिकाको उपयोग गरिएको छ । यस लेखमा क्याम्पसको परिचय मात्र नभएर इतिहास पनि निर्धारण गरिएकाले इतिहास लेखनको ऐतिहासिक पद्धति पनि उपयोग गरिएको छ । तथ्याङ्क विश्लेषण गर्दा सामग्रीको वर्णनात्मक, तुलनात्मक र विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ ।

## प्राप्ति र छलफल

बुटवल बहुमुखी क्याम्पसमा त्रिभुवन विश्वविद्यालयका विभिन्न सङ्काय र अध्ययन संस्थान अन्तर्गतका विभिन्न तहमा विभिन्न विषयका अध्ययन र अध्यापन भइरहेका छन् । क्याम्पस स्थापनाको पहिलो दश वर्ष शिक्षाशास्त्र अध्ययन संस्थान अन्तर्गत प्रमाणपत्र तहको (आइएड) अध्ययन अध्यापनमा सीमित थियो । त्यसबेला छिमेकी जिल्ला त्रिभुवन क्याम्पस पाल्पामा व्यवस्थापन तहमा स्नातकोत्तर तहमा अध्ययन अध्यापन आरम्भ भइसकेको थियो । भैरहवा बहुमुखी क्याम्पसमा पनि मानविकी सङ्कायको स्नातक कार्यक्रम सञ्चालन भइसकेको थियो । यस क्याम्पसमा शिक्षाशास्त्र सङ्काय अन्तर्गत प्रमाणपत्र तह (आइएड.) दुई बर्से २०३१/३२, मानविकी तथा सामाजिकशास्त्र अन्तर्गत प्रमाणपत्र तह (आइए) दुई बर्से २०४०/४१, विज्ञान तथा प्रविधि अन्तर्गत प्रमाणपत्र तह (आइएस्सी ) दुई बर्से २०४१/४२, कानुन अन्तर्गत प्रमाणपत्र तह (आइएल), २०४४, मानविकी तथा सामाजिकशास्त्र अन्तर्गत स्नातक तह (बिए) २०४३, कानुन अन्तर्गत स्नातक तह (बिएल) २०४९, शिक्षाशास्त्र सङ्काय अन्तर्गत स्नातक तह (बिएड) २०५३, विज्ञान तथा प्रविधि अन्तर्गत स्नातक तह (बिएस्सी ), शिक्षाशास्त्र अन्तर्गत एक बर्से बिएड, कानुन अन्तर्गत स्नातक तह (एलएलबी), मानविकी तथा सामाजिकशास्त्र अन्तर्गत स्नातकोत्तर एमए अङ्ग्रेजी), मानविकी तथा सामाजिकशास्त्र, स्नातकोत्तर तह अर्थशास्त्र र नेपाली), स्नातक तह अन्तर्गत ग्रामीण विकास, शिक्षाशास्त्र अन्तर्गत एक बर्से बिएड दूर शिक्षा, शिक्षाशास्त्र अन्तर्गत स्नातकोत्तर नेपाली, स्वास्थ्य, गणित, इपिए ), व्यस्थापनमा बिबिएस र पछि एमबिएस तथा बिबिएका कक्षा सञ्चालनमा आएका छन् । क्याम्पस प्रतिस्पर्धामा जानुपर्ने र स्थानीय स्रोत जुटाउनुपर्ने अवस्था आएअनुसार कार्यक्रम थप गरी स्नातक तहमा ग्रामीण विकास, आइसिटी, र व्यवस्थापन सङ्कायमा स्नातक तथा स्नातकोत्तर तहका शैक्षिक कार्यक्रम थपिए । शिक्षाशास्त्र सङ्काय अन्तर्गत स्नातकोत्तर तहमा ओडीएल,

समाजशास्त्र र विज्ञान तथा प्रविधि अध्ययन संस्थान अन्तर्गत स्नातक तहमा बिएस्सी सिसएसआइटीका कक्षाहरू थप भएका हुन् ।

प्रवीणता प्रमाणपत्र (आइएड) तह दश जोड दुई अन्तर्गत विद्यालय संरचनामा नआउन्जेल ऐच्छिक विषयमा अङ्ग्रेजी, स्वास्थ्य शारीरिक शिक्षा, गणित, भूगोल, नेपाली, इतिहास, अर्थशास्त्र र राजनीतिशास्त्र विषय पठनपाठन हुन्थ्यो । हाल उक्त तह पूर्ण रूपमा फेजआउट भइसकेको छ । स्नातक तह (बिएड) अन्तर्गत ऐच्छिक विषयमा अङ्ग्रेजी, नेपाली, स्वास्थ्य शारीरिक शिक्षा, गणित, भूगोल, विज्ञान शिक्षा, अर्थशास्त्र विषय पठनपाठन हुँदै आएका छन् । एक बर्से बिएड अन्तर्गत ऐच्छिक विषयमा अङ्ग्रेजी, नेपाली, गणित, अर्थशास्त्र, भूगोल, इतिहास, विषय सञ्चालन भएकामा र एक बर्से बिएड अन्तर्गतकै दूर शिक्षा अन्तर्गत स्वास्थ्य शिक्षा, जनसङ्ख्या शिक्षा, शैक्षिक प्रशासन तथा सुपरिवेक्षणको पठनपाठन हुँदै आएकामा शैक्षिक वर्ष २०७८/२०७९ देखि त्रिविबाट उक्त कार्यक्रम स्थगन गरिएको छ ।

स्नातकोत्तर तह (एमएड दूरशिक्षा) अन्तर्गत ऐच्छिक विषयका रूपमा नेपाली शिक्षा, शैक्षिक योजना तथा व्यवस्थापन, गणित शिक्षा र स्वास्थ्य तथा शारीरिक शिक्षा विषयमा पठनपाठन हुँदै आएकामा शैक्षिक वर्ष २०७८ देखि त्रिविबाट नै स्थगन गरिएको छ । स्नातकोत्तर तहको नियमित कार्यक्रमका रूपमा नेपाली शिक्षा, अङ्ग्रेजी, शैक्षिक योजना र व्यवस्थापन, गणित र स्वास्थ्य शिक्षा विषयमा पठनपाठन हुँदै आएका छन् । व्यवस्थापनमा स्नातक तथा स्नात्तकोत्तर तहमा बिबिएस, बिबिए र एमबिएस तहमा पठनपाठन हुँदै आएका छन् । मानविकी सङ्कायमा स्नातकोत्तर तह अन्तर्गत नेपाली, अङ्ग्रेजी, अर्थशास्त्र र समाजशास्त्र विषयमा पठनपाठन हुँदै आएका छन् । प्रवीणता प्रमाणपत्र तह अन्तर्गत भौतिक समूह र जीवविज्ञान समूहमा विषयमा पठनपाठन हुँदै आएकामा हाल उक्त तह पूर्ण रूपमा फेजआउट भइसकेको छ । स्नातक तह अन्तर्गत भौतिक समूह र जीवविज्ञान र एलएलबीमा पठनपाठन हुँदै आएका छन् । त्रिविले क्याम्पसमा कुनै नयाँ कार्यक्रम स्वीकृति दिँदा विश्वविद्यालयलाई कुनै आर्थिक दायित्व नपर्ने गरी स्वीकृति दिने नीतिअनुरूप विभिन्न कार्यक्रमहरू निजी स्रोतबाट सञ्चालित छन् ।

बुटवल बहुमुखी क्याम्पसमा २०७९ चैत्र मसान्तसम्म जम्मा स्थायी ११५, अस्थायी करार १४ जना र मासिक आंशिक ४८, आंशिक ०६ जनासमेत गरी १८३ शिक्षकहरू प्राध्यापनरत छन् । त्यसैगरी कर्मचारीहरू स्थायी २९, करार ०३, ठेक्का करार ०३ र दैनिक ज्यालादारी ०५ गरी जम्मा ४० जनाले क्याम्पसको शैक्षिक तथा प्रशासनिक कार्यमा सेवा पुऱ्याइरहेका छन् । बुटवल बहमुखी क्याम्पसमा हालसम्मका क्याम्पस प्रमुखहरू वीरेन्द्रकुमार मल्लिक, सुन्दरश्याम भक्त माथेमा, उत्तमलाल कर्माचार्य, रामबहादुर शाक्य, निरञ्जनकुमार राजभण्डारी, जयबहादुर खत्री, वैकुण्ठप्रसाद बिजुक्छे, सुमन शाक्य, बलभद्रशमशेर राणा, रामलाल श्रेष्ठ, जगन्नाथ पण्डित, भैरवप्रसाद मजगैया, तेजप्रसाद कँडेल (निमित्त) कृष्णचन्द्र शर्मा, शिवप्रसाद ज्ञवाली, बेनबहादुर पौड्याल (निमित्त), आनन्दमानसिंह शाक्य, पूर्णबहादुर बोहरा, शिवप्रसाद पौडेल (निमित्त), प्रकाशबन्धु रेग्मी, डा. सखिशरण सुवेदी र डा. खिमानन्द न्यौपाने रहेका छन् । प्रस्तुत लेखमा बुटवल बहुमुखी क्याम्पस र विश्वविद्यालयसँग सम्बन्धित विभिन्न पक्षका सम्बन्धमा जानकार विद्वान्सँग अन्तर्वार्ता, अन्तरक्रिया

तथा छलफलका माध्यमबाट सामग्री सङ्कलन गरिएको छ। यहाँ क्याम्पसको भौतिक पक्ष, भर्ना पक्ष, शैक्षिक पक्ष, प्रशासनिक पक्ष, पाठ्यक्रम सम्बन्धी पक्ष र अभ्यास शिक्षणसम्बन्धी पक्षमा केन्द्रित भई विश्लेषण गरिएको छ।

## भौतिक पक्ष

बुटवल बहुमुखी क्याम्पस २०३०/२०३१ सालमा पाल्पाबाट बुटवलमा सार्दा बुटवल खस्यौली नगरपञ्चायतद्वारा सञ्चालित आठ कोठा भएको प्राथमिक विद्यालय भवन क्याम्पसलाई प्रदान गरिएको थियो। त्यस्तै तत्कालीन लुम्बिनी कलेजको सातओटा कोठा भएका दुईओटा भवनहरू र बाह्रओटा कोठा भएको छात्रावास भवन पनि क्याम्पसलाई प्रदान गरिएको थियो (बुटवल बहुमुखी क्याम्पस : एक झलक, २०४१, पृ.१५)। बुटवल क्याम्पस २८६५५.०१ हेक्टर वर्गमिटरमा फैलिएको छ। क्याम्पसले चर्चेको कुल क्षेत्रफल १७ विघा ३ कट्ठा १३ धुर छ। ६ विघा १० कट्ठा ११ धुरको क्याम्पसको नाममा प्रमाण पुर्जा प्राप्त छ। क्याम्पसको नाममा १० विघा १३ कट्ठा २ धुर जग्गा दर्ता प्रक्रियामा रहेको छ। २०२३ सालमा तत्कालीन बुटवल नगरपञ्चायतबाट निःशुल्क प्राथमिक पाठशाला सञ्चालनार्थ स्थापित भवन र २०२३ सालमा स्थापित लुम्बिनी कलेजका दुईओटा भवनबाट क्याम्पसको सुरुवात भएको थियो। हाल यसको प्रशासनिक भवन २, पुस्तकालय १, विज्ञान भवन १, नयाँ भवन १, एन एक्स भवन १, शिक्षा भवन १, नौ कोठे भवन १, व्यवस्थापन भवन १, मानविकी भवन १, स्ववियु भवन १, टिन टहरा ६७ र ६८ नम्बर गरी सबै भवनका ४७ ओटा कोठामा पठनपाठन हुँदै आएका छन्।

क्याम्पसको भौतिक अवस्था सामान्य प्रशासन भवन २०३०, शैक्षिक प्रशासन भवन २०३०, महिला छात्रावास भवन २०३१, मानविकी शिक्षण भवन २०३३, आवास गृह ४, पुरानो पुस्तकालय भवन (स्ववियु) २०४६ मा निर्मित हाल सभा हल भएको, छात्रावास भान्छा घर २०३६ हाल शिक्षक तथा कर्मचारी भवनमा परिणत भएको, विज्ञान शिक्षण भवन २०४१, पुरुष छात्रावास भवन २०४१ हाल जीर्ण अवस्थामा रहेको, विज्ञान एनेक्स भवन २०५८ हाल बिएस्सी सिएसआइटीको पठनपाठन भइरहेको, शिक्षण भवन (टिनको छाना) २०५९, शिक्षा भवन पुरानो (खोलापारी) र व्यवस्थापन सङ्काय भवन रहेका छन्।

बुटवल बहुमुखी क्याम्पसका सन्दर्भमा रामलाल श्रेष्ठका अनुसार "आफूले ४० वर्ष बिताएको संस्थाको अवस्था आर्थिक रूपले दुब्लाउँदै गएको छ। सबै पक्षले यस क्याम्पसमा भौतिक संरचनाका विकासमा तत्कालै सहयोग गर्नुपर्दछ। नयाँ पिँढीले प्राज्ञिक उन्नयनका लागि कार्य गर्नुपर्दछ" (व्यक्तिगत अन्तर्वार्ता, २०७९)। यसै गरी रामचन्द्र आचार्यका अनुसार २०४० सालमा आइएका कक्षा सञ्चालन भएपछि लगातार यस क्याम्पसमा अध्यापन गर्दै आएको, सुरुवातमा क्याम्पसको विकासमा छलफल बहस हुने गरेको थियो। क्याम्पसको भौतिक संरचनाको विकासको खाँचो रहेकाले आर्थिक स्रोत जुटाएर भौतिक संरचना निर्माण गर्नुपर्दछ र संस्थाप्रति इमान्दार हुनुपर्दछ" (व्यक्तिगत अन्तर्वार्ता, २०७९)।

बुटवल बहुमुखी क्याम्पसमा कार्यरत प्राध्यापक, कर्मचारी तथा विद्यार्थीहरूका लागि चमेनागृहको व्यवस्था गरिएको छ। चमेनागृहको निर्माण विद्यार्थी युनियनको सक्रियता र क्याम्पसको अगुवाइमा

भएको थियो । क्याम्पसमा कुल सातओटा छात्र तथा छात्राका लागि र छओटा प्राध्यापक तथा कर्मचारीहरूका गरी जम्मा तेरओटा शौचालयहरू रहेका छन् । तीमध्ये छात्र तथा छात्राका लागि छुट्टाछुट्टै शौचालय निर्माण गरिएका छन् । क्याम्पसका प्राध्यापक तथा कर्मचारीहरूका लागि सीमित मात्रामा आवासको व्यवस्था गरिएको छ । क्याम्पसमा छात्र तथा छात्राका लागि छुट्टाछुट्टै छात्रावासको व्यवस्था गरिएको छ । यसमा छात्र १८ ( अठार ) र छात्रा १८ (अठार ) गरी ३६ जना विद्यार्थीहरू राख्ने क्षमता रहेको छ । हाल पुरुष छात्रावासको अवस्था जीर्ण भएकाले बस्न योग्य छैन । फुटबल मैदान २०५५ सालमा आएको बाढी पहिरोले अव्यवस्थित भएकामा हाल सो मैदानलाई व्यवस्थित गरी उपयोगमा ल्याइएको छ । बास्केटबल खेलका लागि एक पक्की कोर्ट त्रिवि उच्च शिक्षा परियोजनाको सहयोगमा निर्माण गरिएको छ । भलिबल खेलका लागि एउटा कोर्ट निर्माण गरिएको छ । विज्ञान प्रयोगशाला लुम्बिनी प्रदेशकै स्तरीय प्रयोगशालाका रूपमा रहेको छ । यसै गरी विजय सापकोटाका अनुसार "बुटवल बहुमुखी क्याम्पसमा रसायनशाश्त्र प्रयोगशाला ३, भौतिकशास्त्र प्रयोगशाला २, तथ्याङ्कशास्त्र १, प्राणीशास्त्र ३, वनस्पतिशास्त्र २, बिएस्सी सिएसआइटी ३, बिएडआइसिटी १, बिबिए १ र भूगोल १ समेत गरी १७ ओटा प्रयोगशालाहरू रहेका छन् । यसै गरी पठनपाठनलाई व्यवस्थित गर्न बिएस्सी सिएसआइटीमा ६ र बिबिएमा ६ गरी जम्मा १२ ओटा प्रोजेक्टर जडान गरिएका छन् भने स्नातकोत्तर तहका सबै कक्षाकोठाहरूमा प्रोजेक्टरद्वारा पठनपाठन गरिएको छ" (व्यक्तिगत अन्तर्वार्ता, २०७९) ।

सामान्य प्रशासन र कर्मचारी प्रशासन शाखा शाखा अर्न्तगत शिक्षक कर्मचारीको दरबन्दी, रेकर्ड, हाजिरी, दर्ता चलानी, टाइपिङ् लगायतका काम सञ्चालन हुन्छन् । आर्थिक प्रशासन शाखा शाखाअर्न्तगत क्याम्पसको बजेट, आम्दानी, छात्रवृत्ति वितरण, पारिश्रमिक निकासा एवम् खर्चसम्बन्धी काम सञ्चालन हुन्छन् । शैक्षिक प्रशासन (परीक्षा शाखा) अन्तर्गत विभिन्न तहका विद्यार्थीको भर्ना, पाठ्यांश दर्ता, त्रिवि दर्ता, लब्धाङ्कपत्र, प्रमाणपत्र, परिचयपत्र वितरण, विद्यार्थीको सिफारिस, स्थानान्तरण, माइग्रेसनसम्बन्धी सिफारिस लगायत परीक्षासम्बन्धी काम सञ्चालन हुन्छन् । क्याम्पसको भौतिक विकासमा त्रिवि उच्च शिक्षा परियोजना, विश्वविद्यालय अनुदान आयोग, रुपन्देही जिल्ला विकास समिति, बुटवल उपमहानगरपालिका, बुटवल अवस्थित विभिन्न सङ्घसंस्था विशेष गरी बुटवल उद्योग वाणिज्य सङ्घ, बस व्यवसायी समिति एवम् उद्योगपति, व्यापारी, समाजसेवीका साथै विभिन्न विद्यार्थी सङ्गठनलगायत थुप्रै सङ्घसंस्थाहरूको योगदान रहेको छ ।

बुटवल बहुमुखी क्याम्पसले थुप्रै भौतिक समस्याको सामना गरिरहनुपरेको छ। विद्यार्थी अनुपातमा कक्षाकोठा, खानेपानी, चमेनागृह, शौचालय लगायत शैक्षिक प्रशासन र आर्थिक प्रशासन शाखामा आवश्यक काम गर्दा विद्यार्थीहरूलाई लामो लाइन बस्नुपर्ने समस्या छ। त्यसलाई व्यवस्थित गर्न सकिएको छैन । लामो समयसम्म कुर्नुपर्दा बस्ने स्थानको अभाव छ । केही भवन जीर्ण भई कक्षाकोठा स्तरयुक्त बन्न नसकेको अवस्था छ । बुटवल उपमहानगरपालिका वडा नं. ६ को उत्तरतर्फको डाँडाबाट आउन सक्ने बाढी पहिरोको कारणबाट क्याम्पस भवन, खेलमैदान लगायत अन्य भौतिक संरचनालाई तहसनहस पार्ने जोखिम रहेको छ। बाढीपहिरोका कारण खेलमैदानलाई व्यवस्थित गर्न कठिन भएको छ । प्राध्यापक आवास तथा छात्रावासलाई विस्तार गर्न आवश्यक पहल जरुरी छ। उपयुक्त शौचालय र खानेपानीको अभाव देखिन्छ। क्याम्पसले आफ्नो

भौतिक सम्पत्तिलाई संरक्षण गर्न नसक्नु सबैभन्दा ठुलो चुनौती रहेको छ। यसका निम्ति सम्बन्धित निकायको तत्काल ध्यान जान जरुरी छ। भौतिक सम्पत्ति अतिक्रमण भई हिनामिना भएको अवस्थामा सो भौतिक सम्पत्तिलाई संरक्षण गर्न सकिएको छैन। क्याम्पस हातालाई चारैतिरबाट पूर्ण रूपमा व्यवस्थित गर्न नसकिएकाले बाह्य अतिक्रमण बढ्ने जोखिम रहेको छ। भौतिक संरचना विकासमा केन्द्रको सहयोग अपर्याप्त छ। यस्तो अवस्थामा आन्तरिक स्रोतको परिचालन गर्नुबाहेक अन्य उपाय देखिँदैन। दीर्घकालीन तथा अल्पकालीन कार्यक्रम तथा कार्ययोजना बनाई क्याम्पसको आर्थिक तथा शैक्षिक अवस्थामा तत्काल सुधारका योजना ल्याउनुपर्दछ।

**विद्यार्थीको भर्ना पक्ष**


बुटवल बहुमुखी क्याम्पसमा अध्ययन गरेका उत्तीर्ण विद्यार्थीको अनुसूचीमा उल्लिखित सङ्ख्यालाई विश्लेषण गर्दा २०७३ सालको विद्यार्थी उत्तीर्ण सङ्ख्यालाई विश्लेषण गर्दा स्नातक तह अन्तर्गत शिक्षामा छात्र र छात्रा गरी जम्मा ११४९, बिएड आइसिटीमा ३२, मानविकीमा ३५५, व्यवस्थापनमा २७५, विज्ञानमा ८८०, एलएलबिमा २८५, एक बर्से बिएडमा ५५, बिएस्सी सिएसआइटीमा ६० जना गरी जम्मा ३०३१ जना उत्तीर्ण भएको देखिन्छ। यसरी बुटवल बहुमुखी क्याम्पसमा प्राय सबै तह र सङ्कायमा (बिएड, बिए, बिबिएस, बिबिए, एलएलबी, बिएस्सी, बिएस्सी सिएसआइटी, एमएड, एमए र एमबिएसमा विद्यार्थीको आकर्षण देखिन्छ। सुरुवाती वर्षमा थोरै शैक्षिक कार्यक्रम सञ्चालनमा आएको र सोअनुरूप विद्यार्थी सङ्ख्या पनि कम देखिन्छ। क्रमशः शैक्षिक कार्यक्रमलाई विस्तार गर्दै विद्यार्थी सङ्ख्यामा पनि वृद्धि भएको छ। २०७४ सालको विद्यार्थी उत्तीर्ण सङ्ख्यालाई विश्लेषण गर्दा स्नातक तह शिक्षा सङ्काय अन्तर्गत छात्र र छात्रा गरी जम्मा ११७१ विद्यार्थी सङ्ख्या उत्तीर्ण भएको देखिन्छ। त्यसैगरी बिएड आइसिटीमा १०८, मानविकीमा ५८२, व्यवस्थापनमा छात्र र छात्रा गरी जम्मा ४३७, विज्ञानमा ९८३, एलएलबिमा ९८४, एक बर्से बिएडमा १०८ र स्नातकोत्तर तह अन्तर्गत एमएडमा छात्र र छात्रा गरी जम्मा ४१०, एमएमा ११६, एमबीएसमा १२० गरी समग्रमा स्नातक तह र स्नातकोत्तर तहमा छात्र र छात्रा गरी जम्मा ४९७७ विद्यार्थी सङ्ख्या उत्तीर्ण भएको देखिन्छ। २०७५ सालमा स्नातक तह शिक्षा सङ्कायमा छात्र र छात्रा गरी जम्मा १४५ विद्यार्थी उत्तीर्ण भएको पाइयो। त्यसैगरी मानविकीमा ११९, व्यवस्थापनमा ४५, विज्ञानमा २८९, कानुनमा ५६ गरी जम्मा ६५५ जना विद्यार्थी उत्तीर्ण भएको देखिन्छ। २०७८ सालमा भने उत्तीर्ण विद्यार्थी ३२३७ बाट घटेर २३८९ मा सीमित भएको देखिन्छ। समग्रमा आजसम्म सबैभन्दा बढी विद्यार्थी सङ्ख्या बिएडमा १८२८६ रहेको र त्यसपछि क्रमशः बिएमा ७७५८, एमएडमा ४९६२ र बिएस्सीमा ४८०४ रहेको देखिन्छ। त्यसैगरी एमएमा ३१३७, एलएलबिमा २६३७ र बिबिएसमा २७११ विद्यार्थी सङ्ख्या रहेको छ। स्नातकोत्तर तह अन्तर्गत एमएडमा ५७३ र ५३५ विद्यार्थी उत्तीर्ण भएको देखिन्छ।

प्रस्तुत लेखमा बुटवल बहुमुखी क्याम्पसको २०५० सालभन्दा अगाडिको तथ्याङ्क रेकर्डबाट प्राप्त गरिएको छैन। २०५१ सालदेखि २०७८ साल सम्मको विद्यार्थीको सङ्ख्या अनुसूचीमा देखाइएको छ। २०५१ सालदेखि बिएड र बिएमा क्रमशः १५४ र ३८८ जना विद्यार्थीले अध्ययन गरेका थिए। २०५३ सालदेखि एक बर्से बिएड मा ११० जना विद्यार्थी भर्ना भएको पाइन्छ। २०५३

सालमा एलएलबीमा ३२ जना विद्यार्थी भर्ना भएको पाइन्छ। २०५४ सालमा बिएस्सीका कक्षा विज्ञान अध्ययन संस्थान अन्तर्गत सञ्चालनमा आएका थिए। त्यसैगरी २०५७ सालमा मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत स्नातकोत्तर (एमए ) का कक्षा पनि सञ्चालन भएका थिए। २०६२ सालबाट शिक्षाशास्त्र सङ्काय अन्तर्गत स्नात्तकोत्तर तहका कक्षाका बेलुकी सिफ्टमा चलेको छन्। २०६८ सालबाट बिबिएस, २०७० सालबाट बिएड आइसिटी र बिएस्सी आइसिटी, २०७१ सालबाट बिएडमा विज्ञान शिक्षा, २०७४ सालमा व्यवस्थापन सङ्कायका स्नातकोत्तर, (एमबिएस) र २०७६ सालमा बिबिएका कक्षा सञ्चालनमा आएका छन्। माथिका तथ्याङ्कलाई विश्लेषण गर्दा क्रमशः भर्नादरमा वृद्धि भएको पाइन्छ। २०७६ सालमा आउँदा यो सङ्ख्या २६६७ पुगेको छ भने २०७७ सालमा ३२३७ र २०७८ सङ्ख्या २३८९ मा सीमित देखिन्छ। सङ्कायगत रूपमा अध्ययन गर्दा शिक्षाशास्त्र सङ्कायमा बढी विद्यार्थी भएको तथ्याङ्कले देखाएको छ। २०५१ देखि २०७८ सालसम्म ४८१९० विद्यार्थीले अध्ययन गरेको पाइन्छ। यसरी बुटवल बहुमुखी क्याम्पसमा हाल मानविकी सङ्काय स्नातक तह अन्तर्गत राजनीतिशास्त्र, इतिहास, भूगोल, संस्कृति लगायतका विषयमा विद्यार्थी भर्ना अत्यन्त न्यून देखिएको छ। शिक्षा, विज्ञान तथा प्रविधि अध्ययन संस्थान, व्यवस्थापन, कानुन र समाजशास्त्रमा विद्यार्थी भर्ना सन्तोषजनक देखिन्छ। पहिलो वर्षको तुलनामा पछिल्ला वर्षमा क्रमशः घट्दो स्थिति रहेको छ। उपलब्ध तथ्याङ्क अनुसार विद्यार्थी भर्ना विषय अनुरूप फरक रहेको पाइन्छ। बिएड, एमएड, विज्ञान सङ्काय अन्तर्गत सिएसआइटी, बिएस्सी तथा व्यवस्थापन सङ्काय, ग्रामीण विकास, एलएलबी र स्नातकोत्तर तहको समाजशास्त्रमा विद्यार्थी भर्ना सन्तोषजनक रहेको कुरा तलको स्तम्भचित्रबाट पुष्टि हुन्छ।

**स्तम्भचित्र नं. १**

विद्यार्थी विवरण




स्रोत : क्याम्पस प्रशासन, २०७९ ।

### शैक्षिक पक्ष

बुटवल बहुमुखी क्याम्पसले विभिन्न शैक्षिक समस्या र चुनौतीको सामना गर्दै यहाँसम्म आइपुगेको छ। आनन्दमान सिंह शाक्यका अनुसार "आफ्नो पेसामा संलग्न रही पाएका मुख्य पक्ष यी हुन् : ज्ञान शक्ति, पेसागत इमानदारिता, संस्थाप्रतिको इमान्दारिता र कर्तव्यनिष्ठता क्याम्पसको शैक्षिक तथा प्राज्ञिक कार्यमा सहयोग हिजो पनि थियो। भोलि पनि रहने छ। हाम्रा कक्षाहरू परम्परागत ढाँचाका छन्। पेसागत र सिपमुखी कक्षातर्फ आकर्षण गर्नुपर्दछ। हामी आत्मकेन्द्रित र बेइमान बन्दै छौँ। शिक्षामा होलेस्टिक एप्रोज जरुरी छ;" (व्यक्तिगत अन्तर्वार्ता, २०७९)। शैक्षिक पक्षका सम्बन्धमा सुरेन्द्र गिरीका अनुसार "राष्ट्रलाई चाहिने दक्ष जनशक्तिको योजना हुनुपर्दछ। पहिले जलविद्युत्का लागि इन्जिनियर पढ्ने योजना आउँथ्यो। पेसागत पाठ्यक्रम बनाउने कुरा जुन दिनदेखि फ्याकल्टी र इस्टिच्युट्समा वर्गीकरण गरियो, त्यो दिनदेखि शिक्षाशास्त्रलाई इस्टिच्युट नबनाई सङ्कायमा रूपान्तरण गरियो। शिक्षालाई टेक्निकल विषय बनाइएन। त्यो दिनदेखि त्रुटि भएको हो। शिक्षा प्राविधिक विषय हो। यसलाई सङ्कायमा राख्नु उचित हुँदैन। शिक्षक र विद्यार्थीमा अनुशासन जरुरी छ। यसै गरी सुरुमा शिक्षामा कोटा प्रणाली रहेको तर हाल उक्त प्रणाली अवरुद्ध भएको छ। गाउँ गाउँमा च्याउ उम्रेझैँ क्याम्पस स्थापना हुनाले शिक्षाको गुणस्तर घट्न गएको छ। शिक्षालाई गुणस्तरयुक्त बनाउन भर्नामा कोटा प्रणाली र दक्ष जनशक्तिको खाँचो छ" (व्यक्तिगत अन्तर्वार्ता, २०७९)। यसै गरी पशुपति अधिकारीका अनुसार "क्याम्पसहरूमा विद्यार्थी घट्नाका कारण स्नातक र स्नातकोत्तर तहका क्याम्पसहरूको अनियन्त्रित सम्बन्धन र विस्तार हो। शिक्षाको भर्नामा योजनाबद्ध रूपमा कोटा प्रणाली लागु गर्नुपर्दछ। जीवनसँग जोडिने पेसागत सिप विकासका पाठ्यक्रम निर्माण गर्नुपर्छ। हाम्रा उत्पादित जनशक्तिप्रति बजारलाई विश्वास छैन। पञ्चायत कालमा समेत जनशक्ति योजनाअनुसार शिक्षा प्रणालीलाई अगाडि बढाइएको थियो। अहिलेको अवस्थामा आर्मी, पुलिस, न्यायाधीश, कर्मचारी, वित्तीय संस्था, कृषक, उद्योगी सबै क्षेत्रमा समस्या छन्। शिक्षा, शिक्षक र विश्वविद्यालयका पनि थुप्रै समस्या छन्। शिक्षाशास्त्र सङ्कायलाई संस्थानको रूपमा विकास गर्ने, अव्यवस्थित कलेजहरूलाई मर्जर गर्ने, प्रयोगशाला र जनशक्तिको कोटा निर्धारण गर्नुपर्दछ" (व्यक्तिगत अन्तर्वार्ता, २०७९)। यसै गरी सूर्यबहादुर जिसीका अनुसार "शिक्षालाई हामीले बिगार्‍यौं, हामीले पढाएनौँ र अनुशासित गराएनौँ। यसको जिम्मा हामीले पनि लिनुपर्दछ। चिकित्साशास्त्रतर्फ पनि माफियाको बिगबिगी रहेको छ। गुणस्तरीय शिक्षा प्रदान हुन सकेको छैन। अनुसन्धान केन्द्रले आफ्नो काम इमान्दारिताका साथ गर्न सकेनन्। विश्वविद्यालयको भविष्यसँगै हाम्रो भविष्य जोडिएको छ। घरपायक शिक्षकको प्रावधान पनि गलत छ" (व्यक्तिगत अन्तर्वार्ता, २०७९)। भोजराज भट्टराई भन्छन् : "विज्ञान विषयको पठनपाठनको सुरुवातमा आफू, छेदी यादव र ध्रुव पाठक थप हुँदै जाँदा विज्ञान विषयका कार्यक्रमले जीवन्तता प्राप्त गरेका हुन्। आइएस्सी र बिएस्सी पठनपाठनमा उत्साहजनक नतिजा पनि आएका हुन्। ३४ वर्ष ११ दिनसम्म आफूले बुटवल क्याम्पसमा पढाएको, आजका विद्यार्थीमा विदेश केन्द्रित मोह बढेको, केही वर्षभित्र युवाशक्ति नहुँदा यो देश ज्येष्ठ नागरिक मात्र हुने चिन्ता छ। उच्च शिक्षा कसको लागि र किन भन्ने कुराको अनुसन्धान गरी तत्काल आवश्यक कदम चाल्नुपर्दछ" (व्यक्तिगत अन्तर्वार्ता, २०७९)। उल्लिखित भनाइका आधारमा शिक्षा नपढेका व्यक्तिलाई शिक्षण विधिसम्बन्धी बिएड र एमएडको

अध्ययन जरुरी छ। शिक्षालाई टेक्निकल विषय बनाएर कोटा निर्धारण गर्नुपर्दछ। शिक्षा विषयमा जनशक्तिको पनि अभाव छ। यसतर्फ सम्बन्धित निकायको ध्यान जान जरुरी छ। गुणस्तरीय शिक्षाका लागि शिक्षाशास्त्रको छुट्टै क्याम्पसहरू विश्वविद्यालय अन्तर्गत राख्नुपर्दछ। कानुन सङ्कायमा बेन्च स्थापना हुनुपर्दछ। हरेक विषयका छुट्टाछुट्टै प्रयोगशाला निर्माण गर्नुपर्दछ।

## प्रशासनिक पक्ष

वर्तमान समयमा आएर दलीय भागबण्डाबाट क्याम्पस प्रशासनका पद बाँडफाँड गर्ने संस्कृति बढेको छ। क्याम्पसमा शिक्षक दलीय छाप लागेको जस्तो देखिने हुनाले पेसागत मर्यादा तथा इमानदारिताप्रति फिकापन आएको छ। यी कुराले प्रशासनिक पक्ष कमजोर बन्दै गएका छन्। रामलाल श्रेष्ठका अनुसार "सुरुवातमा सबैको सर्वसहमतिले क्याम्पस प्रमुख भएर क्याम्पस सञ्चालन गरेको अनुभव छ। सुरुवातमा क्याम्पस परिवारको बिचमा आत्मीय सम्बन्ध, मानवीय व्यवहार र मायाममता थियो। समय समयमा छलफल र अन्तरक्रिया हुनु जरुरी छ। छलफल तथा बहसको नेतृत्व प्राध्यापक सङ्घले गर्नुपर्ने हुन्छ। यसै गरी सखिशरण सुवेदीका अनुसार वैदेशिक अध्ययनमा जाने विद्यार्थीको लहडका कारण देशको भविष्यको जनसङ्ख्यामा पर्ने प्रभाव अध्ययन गर्नुपर्दछ। विद्यार्थीमा कमी आउन नदिन परामर्शमा विज्ञ व्यक्तिलाई प्रशासनिक नियुक्ति दिनुपर्दछ" (व्यक्तिगत अन्तर्वार्ता, २०७९)। प्रशासनिक पक्षका बारेमा विजय सापकोटाका भन्दछन् : "क्याम्पसको विकासका लागि सक्षम प्रशासक बिहानदेखि बेलुकासम्म समय दिने भएमा शैक्षिक गुणस्तरमा सुधार ल्याउन सकिन्छ। अभ्यास शिक्षणमा पठाइएका विद्यार्थीलाई विद्यालयले कक्षा नदिनाले अभ्यास शिक्षण नाम मात्रको भएको छ। आइसिटी र सीएसआइटीलाई अझ व्यवस्थित गर्नुपर्ने चुनौती रहेको छ। विज्ञान विषयमा पनि विद्यार्थी भर्नादर घट्दो छ। भर्ना वृद्धिमा परामर्श र समन्वयको पनि भूमिका रहन्छ। जिम्मेवारी लिएका व्यक्तिलाई आफ्नो काम, कर्तव्य, अधिकार र जिम्मेवारीबोध हुनुपर्दछ। प्रशासनमा भौतिक उपस्थितिले मात्र अर्थ राख्दैन" (व्यक्तिगत अन्तर्वार्ता, २०७९)। यसरी क्याम्पस प्रशासनको प्रभावकारितामा क्याम्पसको भविष्य जोडिएको हुन्छ। त्यसैले प्रशासनिक पक्ष चुस्त हुनुपर्नेमा त्यसो हुन सकेको छैन। यसतर्फ सरोकारवाला पक्षको ध्यान जान जरुरी छ।

## पाठ्यक्रमसम्बन्धी पक्ष

विश्वविद्यालयमा पाठ्यक्रमसम्बन्धी विद्यमान अवस्थामा सुधारको खाँचो छ। कृष्ण भट्टराईका अनुसार "विश्वव्यापीकरणले पनि विद्यार्थी भर्नामा कमी आएको हो। पेसागत विषयहरूको पठनपाठनमा कोटा प्रणालीका आधारमा जनशक्ति योजनाका आधारमा भर्ना गर्न सकिएमा यसको आकर्षण बढ्न सक्छ। शिक्षा विषयलाई पेसागत कोर्सका रूपमा विकास गर्नुपर्दछ। शिक्षाको गुणस्तर घट्नुमा पाठ्यक्रम परम्परागत भएको, ग्रेडिङ प्रणाली प्रभावकारी नभएको, पाठ्यक्रम परिवर्तन नाम मात्रको भएको र स्नातक तहमा नपढाउने विज्ञले त्यो तहको पाठ्यक्रम निर्माण गर्ने परम्पराले विषयवस्तुको छनोट र स्तरणमा समस्या देखिएको छ" (व्यक्तिगत अन्तर्वार्ता, २०७९)। प्रकाशबन्धु रेग्मीका अनुसार "परम्परागत शिक्षा पद्धतिले विद्यार्थीको भर्ना सङ्ख्यामा ह्रास आएको छ। प्रयोगात्मक, व्यावहारिक र जीवनोपयोगी शिक्षा प्रदान गर्न सकेमा विद्यार्थी सङ्ख्यामा स्वतः वृद्धि हुन्छ। ज्ञान जीवनसँग जोडिने खालको पाठ्यक्रम निर्माण हुनुपर्दछ। शैक्षिक गुणस्तरमा

सम्झौता हुनुहुँदैन” (व्यक्तिगत अन्तर्वार्ता, २०७९)। यसै गरी लीलाबहादुर केसीका अनुसार “विश्वविद्यालयको नियुक्तिमा राजनैतिक सिन्डिकेटले दक्ष व्यक्ति पनि उपयुक्त जिम्मेवारीमा जान सकेका छैनन्। शुद्ध शैक्षिक वातावरण निर्माण गर्ने अवस्था हुनुपर्दछ। अनुसन्धानका कार्यहरू विश्वविद्यालयलाई दिनुपर्दछ। विश्वविद्यालयको स्वायत्तता हट्नुपर्दछ र पूर्ण सरकारी विश्वविद्यालय हुनुपर्दछ। सिप र प्रयोगमा आधारित पाठ्यक्रम निर्माण गर्नुपर्दछ” (व्यक्तिगत अन्तर्वार्ता, २०७९)।

प्रदेशकै उत्कृष्ट क्याम्पसका रूपमा स्थापित बुटवल बहुमुखी क्याम्पस आफ्ना शैक्षिक कार्यक्रमसहित अगाडि बढिरहेको छ। परिवर्तित सन्दर्भमा पाठ्यक्रममा कस्तो सुधार गर्ने, देशको आर्थिक तथा वित्तीय सुधार र समृद्धि कसरी हुन सक्ला भन्ने विषयमा गम्भीर रूपमा छलफल हुनुपर्छ। हाम्रो मुलुकमा राजनीतिक परिवर्तन भयो। जनजागरण पनि आयो। सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना पनि भयो। ठुलो राजनीतिक उपलब्धि पनि भयो तर जनतामा आशा, विश्वास र भरोसाको वातावरण निर्माण हुन सकेन। पहाडी क्षेत्रका गाउँ खाली हुँदै गए। सहर झरेकाहरू पनि दिनहुँ विदेश पलायन भएका छन्। मुलुकको आर्थिक स्थिति जर्जर बनिरहेको छ। आफ्नै देशमा युवाहरूलाई रमाउने वातावरण सिर्जना गर्नुपर्ने, ज्ञानका साथै सिपमूलक शिक्षा दिनुपर्ने, आत्मनिर्भर अर्थतन्त्रको विकास गर्ने लक्ष्यसहित पाठ्यक्रममा समसामयिक परिवर्तन हुनुपर्ने हो तर त्यसो हुन सकिरहेको छैन।

## शिक्षण अभ्याससम्बन्धी पक्ष

शिक्षण अभ्यासको मूलमर्म अनुसार छात्र शिक्षकबाट अभ्यास शिक्षण र सम्बन्धित विषयको आन्तरिक सुपरिवेक्षकबाट प्रभावकारी अनुगमन तथा निरीक्षण हुन सकेको देखिँदैन। यसका लागि सम्बन्धित सङ्कायका सहायक क्याम्पस प्रमुख र शिक्षण विभागको अनुगमनको अभाव देखिन्छ। यसका निम्ति क्याम्पसले उचित व्यवस्थापन मिलाउन जरुरी छ। शिक्षण अभ्यासको उद्देश्य अनुरूप छात्र शिक्षकले विद्यालयमा अभ्यास शिक्षणका लागि कक्षा नै नपाउने समस्या देखिन्छ।

## समस्या समाधानका उपायहरू

बुटवल उपमहानगरपालिका वडा नं. ६ को उत्तरपट्टि रहेको डाँडामा वृक्षारोपण गरी भूक्षयलाई रोक्नुपर्दछ। तटबन्ध गरी बाढी पहिरोबाट हुन सक्ने क्षतिलाई न्यूनीकरण गर्नुपर्दछ। क्याम्पसको भौतिक संरचनालाई विस्तार गर्न विद्यार्थी, बुटवल उपमहानगरपालिका, विभिन्न सङ्घसंस्था, अनुदान आयोग तथा विभिन्न दातृनिकायबाट आर्थिक सहयोग जुटाउन सकिन्छ। क्याम्पसको पश्चिम तथा उत्तरतिर व्यावसायिक सटरहरूको निर्माण गरी क्याम्पसको आर्थिक स्थितिलाई मजबुत बनाउन सकिन्छ। क्याम्पसको भौतिक संरक्षण तथा शैक्षिक उन्नयनका लागि क्याम्पसको सम्पूर्ण क्षेत्रलाई स्थायी घेराबार लगाउनुपर्ने, क्याम्पसको सम्पूर्ण जमिनको लालपुर्जा प्राप्त गर्नका लागि पहल गर्ने र जग्गा व्यवस्थापन एवम् स्रोतको उपयोग गरी आफ्नो निजी आयस्रोत बढाउन सकिन्छ। नयाँ भवनलाई चारपाँच तल्ला थप गर्न सकिन्छ। सौर्य ऊर्जा प्रणाली जडान गर्नुपर्दछ। तत्काल अतिथि गृह र सेमिनार हल निर्माण गर्नुपर्दछ। फुटबल ग्राउन्ड सुधार एवम् चमेनागृह व्यवस्थापन गर्नुपर्दछ। शिक्षक तथा कर्मचारीको रिक्त रहेको पद तत्कालै परिपूर्तिका लागि पहल गर्नुपर्दछ

बिएस्सी सिएसआइटिका कक्षा सञ्चालनलाई व्यवस्थित गर्नका लागि शिक्षक तथा कर्मचारीको उचित व्यवस्थापन गर्नुपर्दछ ।

शैक्षिक सत्र २०७०।०७१ देखि त्रिविमा स्नातकोत्तर तहका कार्यक्रम सेमेस्टर प्रणाली अर्न्तगत सञ्चालन भएका छन् । यस प्रणालीबाट विश्वविद्यालयको पठनपाठनमा गुणात्मक सुधार आउने अपेक्षा गरिए पनि सेमेस्टर प्रणाली सबै क्याम्पसमा पूर्ण रूपमा क्यालेन्डर अनुसार सुचारु रूपमा सञ्चालन र कार्यान्वयन पक्ष कमजोर देखिन्छ । सेमेस्टर प्रणालीबाट त्रिभुवन विश्वविद्यालयको स्नातकोत्तर तहमा विद्यार्थी सङ्ख्या घट्दो क्रममा रहेकाले सो प्रणालीका बारेमा सुधार गर्नुपर्ने देखिन्छ । उच्च शिक्षा कसरी पहुँचयोग्य बनाउने, उच्च शिक्षाको आमूल परिवर्तनकारी नीति निर्माण र कार्यान्वयन कसरी गर्ने, भौतिक पूर्वाधार कसरी सुधार्ने, दीर्घकालीन राष्ट्रिय शिक्षा नीतिका आधार र कार्यान्वयन पक्ष कसरी निर्धारण गर्ने, आर्थिक, सामाजिक, राजनीतिक, सांस्कृतिक पक्षलाई कसरी सम्बोधन गर्ने, समावेशी दिगो र वैज्ञानिक शिक्षाको विकास कसरी गर्ने भन्ने विषयलाई गम्भीरतासाथ लिनुपर्दछ । विश्वविद्यालयका उपकुलपति, शिक्षाध्यक्ष, रजिस्टार, डिन, डाइरेक्टर लगायतका नियुक्ति र सम्बन्धनलगायतका विषयमा राजनैतिक हस्तक्षेप गरी नियुक्ति गराउन खोज्ने प्रवृत्तिको अन्त्य गर्नुपर्दछ । शिक्षकका लागि विषयगत सेमिनार र अभिमुखीकरण गोष्ठी तथा कर्मचारीका निम्ति कार्यदक्षता वृद्धिका निम्ति तालिमको आयोजना गर्नुपर्दछ । विश्वविद्यालयमा उच्च शिक्षा अध्ययनलाई व्यावसायीकरण नगरी ज्ञान प्राप्तिका लागि पनि हो भन्ने वातावरणको सिर्जना गर्नुपर्ने देखिन्छ ।

शिक्षाको गुणस्तर अभिवृद्धि गर्न सरकारी स्तरबाट अनुसन्धान गर्न पर्याप्त बजेट छुट्याउनुपर्ने, पेसागत पाठ्यक्रम बारै महिना शिक्षण अभ्यासका निम्ति विद्यालयको सहज पहुँच निर्माण गर्ने, पाठ्यक्रमलाई पेसागत बनाउने र विश्वविद्यालयमा हुने गरेका अराजकता हटाउन सकेमा बुटवल बहुमुखी क्याम्पस र उच्च शिक्षाको भविष्य सुनौलो हुन्छ । हाम्रो शिक्षा प्रणाली जागिर केन्द्रित छ । जुन विषय पढेर जागिर पाइन्छ विद्यार्थीले त्यही विषय पढ्छन् । पढाइ ज्ञानप्राप्तिको लागि होइन, जागिर पाउनका लागि हो भन्ने मान्यताले जरो गाडेको छ । विद्यार्थी भर्नालाई प्रभाव पार्ने सम्बन्धन प्राप्त र आङ्गिक क्याम्पसको भूमिकालाई निस्तेज पार्नुपर्दछ । बजार केन्द्रित जनशक्तिको मागमा वृद्धि हुनाले परम्परागत मानविकीका विषयमा विद्यार्थी भर्नामा ह्रास आएको छ । अब क्याम्पसमा व्यावसायिक विषय जोडेर जानुको विकल्प छैन । पुस्तकालयमा आवश्यक सङ्ख्यामा पुस्तक उपलब्ध नभएकाले विद्यार्थी सङ्ख्याअनुसार पर्याप्त मात्रामा पाठ्यक्रम र सन्दर्भपुस्तकको व्यवस्था गर्नुपर्ने अवस्था छ । विद्यार्थीको अनुपातमा प्राध्यापक तथा कर्मचारीको दरबन्दी सङ्ख्या कम रहेकाले सम्बन्धित निकायको ध्यान जान जरुरी छ । यस क्याम्पसमा जुन अनुपातमा शैक्षिक कार्यक्रम थपिँदै गएका छन्, त्यस अनुपातमा भौतिक संरचनाको विकास लगायत मानवीय जनशक्तिको व्यवस्थापन हुन सकेको छैन । समयको मागअनुसार नयाँ नयाँ कार्यक्रम पनि थप नगरी नहुने अवस्था छ । यस्ता थप कार्यक्रम सञ्चालनका निम्ति पनि भौतिक पूर्वाधार तथा मानवीय स्रोतको उचित व्यवस्थापन गर्नुपर्ने अवस्था छ ।

## क्याम्पसले पुऱ्याएको योगदान

बुटवल बहुमुखी क्याम्पसले उच्च शिक्षाको विकासमा निकै ठुलो योगदान पुऱ्याएको छ । यो लुम्बिनी प्रदेशकै विभिन्न विषयको अध्ययन अध्यापन हुने ठुलो क्याम्पस हो । यस क्याम्पसले मुख्य गरी लुम्बिनी प्रदेशका बाह्रओटै जिल्ला र आसपासका विभिन्न जिल्लाहरूलाई ठुलो योगदान पुऱ्याएको छ । प्रतिवर्ष उत्पादित दक्ष मानवीय स्रोत शिक्षा, स्वास्थ्य, विज्ञान, कानुन, बैंङ्किङग र ग्रामीण विकास लगायतका आवश्यक पर्ने दक्ष जनशक्ति आपूर्ति गर्ने शैक्षिक केन्द्रका रूपमा विकास भएको छ । यहाँबाट शिक्षक, प्राध्यापक, वैज्ञानिक, इन्जिनियर, अर्थशास्त्री, वकिल वा कानुनविद्, समाजशास्त्री र उच्च राजनैतिक नेता लगायतका जनशक्ति उत्पादन भएका छन् । यस क्याम्पसले शिक्षा र स्वास्थ्यका क्षेत्रमा आवश्यक जनशक्ति निर्माणमा ठुलो योगदान दिएको छ । यसले विभिन्न विश्वविद्यालयका निम्ति दक्ष विशेषज्ञ जनशक्ति उत्पादन गरी आपूर्तिसमेत गरेको छ । सामुदायिक तथा संस्थागत विद्यालय र क्याम्पसहरूका निम्ति आवश्यक पर्ने दक्ष जनशक्ति निर्माण गर्ने शैक्षिक केन्द्र बनेको छ । यसरी यस क्याम्पसले २०३० सालदेखि अहिलेसम्म लुम्बिनी प्रदेशको शैक्षिक विकासमा ठुलो योगदान पुऱ्याएको छ ।

## निष्कर्ष

प्राथमिक शिक्षण तालिम घुम्ती केन्द्र (२०१४) का रूपमा तानसेनमा सञ्चालन भई २०१८ सालमा स्थायी केन्द्रका रूपमा स्थापना भएको यो केन्द्र २०२८ सालमा त्रिवि, शिक्षाशास्त्र अध्ययन संस्थान पाल्पा क्याम्पसमा परिणत भएको थियो । २०३० साल पौष महिनामा पाल्पाबाट बुटवलमा स्थान्तरण गरी शिक्षाशास्त्र अध्ययन संस्थान बुटबल क्याम्पसको नामबाट सञ्चालन भएको बुटवल क्याम्पस हाल आएर प्रदशकै ठुलो क्याम्पसका रूपमा स्थापित भएको छ । अहिले यो क्याम्पस 'क' श्रेणीको त्रिभुवन विश्वविद्यालयको आङ्गिक क्याम्पसका रूपमा रही शिक्षा, मानविकी, कानुन, विज्ञान र व्यवस्थापन सङ्काय अन्तर्गत विभिन्न तह र विभिन्न विषयमा अध्ययन अध्यापन हुने क्याम्पसका रूपमा परिणत भएको छ । स्नातकोत्तर तहमा शिक्षा सङ्कायतर्फ अङ्ग्रेजी, नेपाली, गणित, स्वास्थ्य तथा शारीरिक, इपिएम र मानविकीतर्फ अङग्रेजी, अर्थशास्त्र, नेपाली, समाजशास्त्रजस्ता विषय पठनपाठन हुँदै आएका छन् । त्यसैगरी व्यवस्थापन सङ्कायतर्फ बिबिएस, बिबिए र एमबिएसका विषयहरू पठनपाठन हुन्छन् । आइसिटी, सिएसआइटी जस्ता विषयले पनि यो क्याम्पसमा प्रवेश पाइसकेको छ । कानुन सङ्कायतर्फ स्नातक तहमा निकट भविष्यमा बिएएलएलबी सञ्चालन गर्ने कार्यक्रम रहेको छ । विभिन्न सङ्कायमा विभिन्न विषयहरू थप हुँदै जाँदा यो एक बहुआयामिक क्याम्पसमा परिणत भएको छ । समय र समाजको मागअनुसारका शैक्षिक कार्यक्रमहरू थप गर्दै जानुपर्ने अवस्था देखिन्छ । शिक्षक, विद्यार्थी र कर्मचारीले पनि आचारसंहिता तथा आफ्ना आफ्ना दायित्व भुल्ने र अधिकारका लागि मात्र सचेत बन्ने परम्पराले अप्ठ्यारोमा पारेको छ । त्रिविलाई सबल र समृद्ध केन्द्र बनाउने कुरामा सबै सचेत हुनु जरुरी छ । स्थानीय, प्रदेश र सङ्घीय सरकारका विभिन्न निकायहरूका निम्ति आवश्यक विभिन्न तहका मानवीय स्रोत निर्माणको केन्द्र बनेको बुटवल बहुमुखी क्याम्पसले २०३० सालदेखि अहिलेसम्म नेपालको उच्च शिक्षाको विकासमा ठुलो योगदान पुऱ्याएको छ ।

## सन्दर्भसामग्री

कोइराला, उपेन्द्र, पौडेल, हेमनाथ र उपाध्याय जगत् (२०६८), *उच्च शिक्षाका वर्तमान चुनौती तथा भावी दिशा,* नेपाल बुद्धिजीवी परिषद्को राष्ट्रिय सम्मेलनमा प्रस्तुत कार्यपत्र ।

त्रिभुवन विश्वविद्यालय ((२०५५) *त्रिभुवन विश्वविद्यालय विकेन्द्रीकरण नियम २०५५,* कीर्तिपुर, त्रिवि केन्द्रीय कार्यालय ।

त्रिभुवन विश्वविद्यालय (२०६२) *स्वायत्तता प्राप्त अध्ययन संस्थान तथा क्याम्पस सम्बन्धी नियम,* २०६२ (संशोधन, २०६८ सहित), कीर्तिपुर : त्रिवि, केन्द्रीय कार्यालय ।

त्रिभुवन विश्वविद्यालय (२०७१) *त्रिवि विशेषाङ्क, २०७१,* कीर्तिपुर : त्रिवि सूचना शाखा ।

पण्डित, जगन्नाथ (२०४९), *बुटवल बहुमुखी क्याम्पसको सङ्क्षिप्त चिनारी,* बुटबल : बुटवल बहुमुखी क्याम्पस ।

बुटवल बहुमुखी क्याम्पस (२०४१) *बुटबल बहुमुखी क्याम्पस : एक झलक,* बुटबल : बुटवल बहुमुखी क्याम्पस ।

बुटवल बहुमुखी क्याम्पस (२०५७), *बुटवल बहुमुखी क्याम्पस : परिचय पुस्तिका,* बुटबल ।

अनुसूची १

*२०५१ देखि २०७८ सम्मको विद्यार्थी सङ्ख्या विवरण*

| क्र.सं. | वर्ष | बिएड . | | बिएड विज्ञान | बिआइसिटी | एक बर्से बिएड | बिबिएस | बिबिए | एलएलबी | बिएस्सी | बिएस्सी सिएस आइटी | बिए | एमएड | एमए | एमबिबिएस | टोटल |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | बिहानी | दिवा | | | | | | | | | | | | | |
| १ | २०५१ | १५४ | | | | | | | | | | २३४ | | | | ३८८ |
| २ | २०५२ | १७१ | | | | | | | | | | २९२ | | | | ४६३ |
| ३ | २०५३ | १९२ | | | | ११० | | | ३२ | | | २१० | | | | ५४४ |
| ४ | २०५४ | ३६० | | | | | | | २८ | ४७ | | २३६ | | | | ६७१ |
| ५ | २०५५ | ३६० | | | | ८९ | | | ४३ | ७३ | | ३६२ | | | | ९२७ |
| ६ | २०५६ | ४६७ | | | | ६२ | | | ३५ | ६६ | | ३९४ | | | | १,०२४ |
| ७ | २०५७ | ५४२ | | | | ७१ | | | २५ | ६३ | | ४०२ | | ४९ | | १,१५२ |
| ८ | २०५८ | ४९१ | | | | ७६ | | | १६ | ६० | | ३४४ | | ३२ | | १,०१९ |
| ९ | २०५९ | ४९१ | | | | ९६ | | | २४ | ६८ | | २९९ | | ४२ | | १,०२० |
| १० | २०६० | ६१७ | | | | १३९ | | | ७ | ७० | | २५३ | | ६६ | | १,१५२ |
| ११ | २०६१ | ८८८ | | | | १३२ | | | १३ | ११८ | | ३२८ | | ५६ | | १,५३५ |
| १२ | २०६२ | ११३२ | | | | १२४ | | | ११ | १४५ | | ३२६ | ३९ | ६९ | | १,८४६ |
| १३ | २०६३ | १४९६ | | | | १२८ | | | २० | १४० | | २७६ | २११ | ९० | | २,३६१ |
| १४ | २०६४ | ११६९ | | | | १३१ | | | १९ | १४३ | | ३८० | ३६० | १२६ | | २,३२८ |
| १५ | २०६५ | १२९७ | | | | १४३ | | | ६० | १६६ | | ३५८ | ४५० | १५७ | | २,६३१ |
| १६ | २०६६ | १००८ | | | | ६० | | | २६ | १६४ | | २९१ | ४७७ | १४८ | | २,१७४ |
| १७ | २०६७ | ६२९ | ८० | | | ३९ | | | ११ | २२० | | १०६ | ६७६ | २०१ | | १,९६२ |
| १८ | २०६८ | ६६३ | ५६ | | | ४३ | १३७ | | ८६ | २०१ | | १६८ | ५६९ | १७४ | | २,०९७ |
| १९ | २०६९ | ६२१ | | | | २५ | १३४ | | | २७४ | | २१५ | ३९६ | १५६ | | १,८२१ |
| २० | २०७० | ४५४ | | | ४२ | ६७ | ९३ | | | २४२ | ७२ | १४३ | २९५ | १२४ | | १,५३२ |
| २१ | २०७१ | ३५१ | | ६१ | ३३ | २२ | १४२ | | २१० | ३१९ | ७२ | १४५ | ३०४ | २७१ | | १,९३० |
| २२ | २०७२ | ३६९ | | ६७ | १७ | ५३ | १५६ | | १७३ | ३५४ | ७२ | १७८ | ३४१ | ३७० | | २,१५० |
| २३ | २०७३ | ५४२ | | ८८ | १६ | २० | १६९ | | २४३ | ३३७ | ७२ | ३०२ | ३२७ | ३६४ | | २,४८० |
| २४ | २०७४ | ५०० | | ७२ | २२ | १०७ | २३० | | ६५५ | ३३६ | ७२ | २५५ | १२८ | ९६ | ५९ | २,५३२ |
| २५ | २०७५ | ५४७ | | ५१ | २४ | ४५ | १५२ | | ३०० | २७५ | ७२ | २८९ | १३० | १८८ | ८५ | २,१५८ |
| २६ | २०७६ | ८२७ | | ८१ | ३९ | | २८८ | ६६ | ३०० | ३३३ | ७२ | २८९ | १३३ | १५६ | ८३ | २,६६७ |
| २७ | २०७७ | १०२९ | | ६५ | २७ | | ५०० | ६६ | ३०० | ३७६ | ७२ | ३६८ | १२६ | २०२ | १०६ | ३,२३७ |
| २८ | २०७८ | ९१९ | | ६८ | २५ | | ७१० | ६६ | | २१४ | ७२ | ३१५ | | | | २,३८९ |
| | | १८२८६ | १३६ | ५५३ | २४५ | १७८२ | २७११ | १९८ | २६३७ | ४८०४ | ६४८ | ७७५८ | ४९६२ | ३१३७ | ३३३ | ४८१९० |

स्रोत : क्याम्पस प्रशासन, २०७९ ।

## अनुसूची २

## शैक्षिक कार्यक्रममा विद्यार्थीको विवरण

## २०७५

| स्तर | शैक्षिक कार्यक्रम | पछिल्लो तीन वर्षमा स्नातक उत्तीर्ण गर्नेको सङ्ख्या | | | | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | प्रथम वर्ष | | | दोस्रो वर्ष | | | तेस्रो वर्ष | | | चौथो वर्ष | | | |
| | | पु. | म. | जम्मा | पु. | म. | जम्मा | पु. | म. | जम्मा | पु. | म. | जम्मा | |
| स्नातक | | | | | | | | | | | | | | |
| | शिक्षा | २६ | २८ | ५४ | २० | ९ | २९ | ३२ | ३३ | ६२ | | | | १४५ |
| | बिएड आइसिटी | | | ० | | | ० | | | ० | | | ० | ० |
| | मानविकी | २० | १८ | ३८ | १३ | २२ | ३५ | २३ | २३ | ४६ | | | ० | ११९ |
| | व्यवस्थापन | ४ | १ | ५ | ७ | ७ | १४ | ३ | ३ | ६ | ८ | १३ | २१ | ४६ |
| | विज्ञान | २५ | २९ | ५४ | ३४ | २५ | ५९ | ४५ | ५८ | १०३ | ३४ | ३९ | ७३ | २८९ |
| | एलएलबी | ४० | १६ | ५६ | | | ० | | | ० | | | ० | ५६ |
| | एक बर्से बिएड | | | ० | | | | | | | | | | ० |
| | बिएस्सी सिएसआइटी | प्रथम सेमेस्टर | | | तेस्रो सेमेस्टर | | | पाँचौ सेमेस्टर | | | सातौं सेमेस्टर | | | ० |
| | | | | | ० | ० | ० | | | | | | | |
| | | दोस्रो सेमेस्टर | | | चौथों सेमेस्टर | | | छैटौं सेमेस्टर | | | आठौं सेमेस्टर | | | |
| | | | | | | | | | | | | | | |
| | | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| जम्मा | | ११५ | ९२ | २०७ | ७३ | ६४ | १३७ | १०३ | ११४ | २१७ | ४२ | ५२ | ९४ | ६५५ |
| स्नातकोत्तर | एमएड | ० | ० | ० | ० | ० | ० | | | ० | | | | ० |
| | | | | | | | | | | | | | | |
| | एमए | ० | ० | ० | ० | ० | ० | | | ० | ० | ० | ० | ० |
| | | | | | | | | | | | | | | |
| जम्मा | | ११५ | ९२ | २०७ | ७३ | ६४ | १३७ | १०३ | ११४ | २१७ | ४२ | ५२ | ९४ | ६५५ |

स्रोत : क्याम्पस प्रशासन, २०७९ ।

| | शैक्षिक कार्यक्रमहरू वर्ष/सेमेस्टर | २०७४ | | | | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पहिलो वर्ष/ सेमेस्टर | | | दोस्रो वर्ष/ सेमेस्टर | | | तेस्रो वर्ष/ सेमेस्टर | | | चौथो वर्ष/ सेमेस्टर | | | |
| | | पु. | म. | जम्मा | पु. | म. | जम्मा | पु. | म. | जम्मा | पु. | म. | जम्मा | |
| स्नातक | शिक्षा | १४५ | २९३ | ४३८ | १४३ | ३३३ | ४७६ | ९० | १६७ | २५७ | | | ० | ११७१ |
| | बिएड आइसिटी | पहिलो सेमेस्टर | | | तेस्रो सेमेस्टर | | | पाँचौ सेमेस्टर | | | सातौं सेमेस्टर | | | १०८ |
| | | १६ | ५ | २१ | ७ | ९ | १६ | १२ | ५ | १७ | | | | |
| | | दोस्रो समेस्टर | | | चौथों समेस्टर | | | छैटौं समेस्टर | | | आठौं समेस्टर | | | |
| | | १६ | ५ | २१ | ७ | ९ | १६ | १२ | ५ | १७ | | | | |
| | | | | | | | | | | | | | | |
| | | ३२ | १० | ४२ | १४ | १८ | ३२ | २४ | १० | ३४ | ० | ० | ० | १०८ |
| | मानविकी | १४२ | १०६ | २४८ | १०९ | ८३ | १९२ | ५९ | ४८ | १०६ | २१ | २३ | ४४ | ५८२ |
| | व्यवस्थापन | ११८ | ९७ | २१५ | ४१ | ५२ | ९३ | ४९ | ३५ | ८५ | २१ | २३ | ४४ | ४३७ |
| | विज्ञान | १९८ | १५९ | ३५५ | १२८ | १०४ | २३२ | १०६ | ९५ | २०१ | ८२ | ९३ | १७५ | ९८३ |
| | एलएलबी | ४३८ | १६३ | ६०१ | १६४ | ७२ | २३६ | ६० | ६७ | १२७ | | | ० | ९८४ |
| | एक बर्से बिएड | ६८ | ४० | १०८ | | | | | | | | | | १०८ |
| | बिएस्सी सिएसआइटी | पहिलो सेमेस्टर | | | तेस्रो सेमेस्टर | | | पाँचौं सेमेस्टर | | | सातौं सेमेस्टर | | | |
| | | | | | | | | | | | | | | |
| | | दोस्रो समेस्टर | | | चौथों समेस्टर | | | छैटौं समेस्टर | | | आठौं समेस्टर | | | |
| | | | | | | | | | | | | | | |
| | | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| जम्मा | | ११७१ | ८७८ | २०४९ | ६१३ | ६८० | १२९३ | ४१२ | ४३४ | ८४६ | १२४ | १३९ | २६३ | ४,४५१ |
| | एमएड | ३९ | ८८ | १२७ | ७४ | २०९ | २८३ | | | | | | | ४१० |
| | | | | | | | | | | | | | | |
| | एमए | २४ | ३२ | ५६ | २८ | ३२ | ६० | | | | | | | ११६ |
| | | | | | | | | | | | | | | |
| | एमबीएस | २८ | ३२ | ६० | २८ | ३२ | ६० | | | ० | | | | १२० |
| | | | | | | | | | | | | | | |
| जम्मा | | १,२३४ | ९९८ | २,२३२ | ७१५ | ९२१ | १,६३६ | ४१२ | ४३४ | ८४६ | १२४ | १३९ | २६३ | ४,९७७ |

स्रोत : क्याम्पस प्रशासन, २०७९ ।

| स्तर | शैक्षिक कार्यक्रमहरू | पछिल्लो तीन वर्षमा स्नातक उत्तीर्ण गर्ने विद्यार्थीको सङ्ख्या | | | | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पहिलो वर्ष/सेमेस्टर | | | दोस्रो वर्ष/ सेमेस्टर | | | तेस्रो वर्ष/सेमेस्टर | | | चौथो वर्ष/सेमेस्टर | | | |
| | | पु. | म. | | पु. | म. | जम्मा | पु. | म. | जम्मा | पु. | म. | | |
| | | | | | | | | | | | | | | |
| स्नातक | शिक्षा | नतिजा | | | नतिजा | | | १३ | १७ | ५० | | | | ३० |
| | बिएड आइसिटी | पहिलो सेमेस्टर | | | तेस्रो सेमेस्टर | | | पाँचौं सेमेस्टर | | | सातौं सेमेस्टर | | | ९ |
| | | | | ० | | | ० | | | ० | | | ० | |
| | | दोस्रो सेमेस्टर | | | चौथो सेमेस्टर | | | छैटौं सेमेस्टर | | | आठौं सेमेस्टर | | | |
| | | | | ० | ७ | २ | ९ | | | ० | | | ० | |
| | | ० | ० | ० | ७ | २ | ९ | ० | ० | ० | ० | ० | ० | ९ |
| | मानविकी | नतिजा | | | नतिजा | | | २४ | २५ | ४९ | | | | ४९ |
| | व्यवस्थापन | नतिजा | | | नतिजा | | | | | ० | | | ० | ० |
| | विज्ञान | नतिजा | | | २८ | २२ | ५० | ४८ | ६९ | १०७ | ४१ | ५७ | ९८ | २५५ |
| | | | | | | | | | | | | | | ० |
| | एलएलबी | परीक्षा | | | नतिजा | | | ४३ | १७ | ६० | | | | ६० |
| | एक बर्से बिएड | परीक्षा | | | | | | | | | | | | ० |
| | बिएस्सी सिएसआइटी | पहिलो वर्ष | | | तेस्रो वर्ष | | | पाँचौ वर्ष | | | सातौं वर्ष | | | |
| | | | | ० | | | ० | | | ० | | | ० | |
| | | दोस्रो वर्ष | | | चौथो वर्ष | | | छैटौं वर्ष | | | आठौं वर्ष | | | |
| | | | | ० | ७ | २ | ९ | | | ० | | | ० | ९ |
| | | ० | ० | ० | ७ | २ | ९ | ० | ० | ० | ० | ० | ० | ९ |
| जम्मा | | ० | ० | ० | ४२ | २६ | ६८ | १२८ | ११८ | २४६ | ४१ | ५७ | ९८ | ४१२ |
| स्नातकोत्तर | एमएड | नतिजा | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | एमए | नतिजा | | | परीक्षा | | | | | ० | ० | ० | ० | ० |
| | | | | | | | | | | | | | | |
| | एमबिएस | | | ० | परीक्षा | | | | | ० | | | | |
| जम्मा | | | | | २८ | २२ | ५० | १२८ | ११८ | २४६ | ४१ | ५७ | ९८ | ४१२ |

| स्तर | शैक्षिक कार्यक्रमरु वर्ष/सेमेस्टर | २०७३ | | | | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पहिलो वर्ष/सेमेस्टर | | | दोस्रो वर्ष/सेमेस्टर | | | तेस्रो वर्ष/सेमेस्टर | | | चौथो वर्ष/सेमेस्टर | | | |
| | | पु. | म. | जम्मा | पु. | म. | जम्मा | पु. | म. | जम्मा | पु. | म. | जम्मा | |
| स्नातक | शिक्षा | २१५ | २८० | ४९५ | १३७ | २२० | ३५७ | १२५ | १७२ | २९७ | | | | ११४९ |
| | बिएड आइसिटी | १३ | ३ | १६ | १३ | ३ | १६ | | | | | | | ३२ |
| | मानविकी | १०१ | ७४ | १७५ | ५२ | ४४ | ९६ | ४३ | ४१ | ६४ | | | | ३५५ |
| | व्यवस्थापन | ६१ | ६५ | १४६ | ३९ | ३९ | ७८ | २१ | ३० | ६१ | | | | २७५ |
| | विज्ञान | २११ | १४४ | ३६६ | ११८ | ९९ | २१७ | १०४ | ५९ | १६३ | ९५ | ५० | १४५ | ८८० |
| | एलएलबी | ११८ | ५० | १६८ | ७७ | १८ | ९५ | १८ | ४ | २२ | | | | २८५ |
| | एक बर्से बिएड | ३३ | २२ | ५५ | | | ० | | | ० | | | ० | ५५ |
| | बिएस्सी सिएसआइटी | | | | | | | | | | | | | ६० |
| जम्मा | | ७७२ | ६३८ | १४१० | ४३६ | ४२३ | ८५९ | ३११ | ३०६ | ६१७ | ९५ | ५० | १४५ | ३,०३१ |
| स्नातकोत्तर | एमएड | १०६ | २२२ | ३२८ | ७८ | १६७ | २४५ | | | | | | | ५७३ |
| | एमए | २२८ | १४४ | ३७० | ६९ | ९६ | १६५ | | | | | | | ५३५ |
| जम्मा | | १,१०४ | १,००४ | २१०८ | ५८३ | ६८६ | १,२६९ | ३११ | ३०६ | ६१७ | ९५ | ५० | १४५ | ४,१३९ |

| स्तर | शैक्षिक कार्यक्रमहरू | पछिल्लो तीन वर्षमा स्नातक उत्तीर्ण गर्ने विद्यार्थीको सङ्ख्या | | | | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पहिलो वर्ष | | | दोस्रो वर्ष | | | तेस्रो वर्ष | | | चौथो वर्ष | | | |
| | | पु. | म. | जम्मा | पु. | म. | जम्मा | पु. | म. | जम्मा | पु. | म. | जम्मा | |
| स्नातक | शिक्षा | ८६ | १३६ | २२२ | | | ० | ४१ | ३५ | ७६ | | | | २९८ |
| | बिएड आइसिटी | | | ० | | | ० | | | ० | | | ० | ० |
| | मानविकी | २० | १९ | ३९ | २१ | १५ | ३६ | | | ० | | | ० | ७५ |
| | व्यवस्थापन | ९ | ८ | १७ | | | ० | | | ० | | | ० | १७ |
| | विज्ञान | | | ० | | | ० | | | ० | | | ० | ० |
| | एलएलबी | ४० | १६ | ५६ | | | ० | ९ | १ | १० | | | ० | ६६ |
| | बिएस्सी सिएसआइटी | | | | | | | | | | | | | |
| | एक बर्से बिएड | | | | ४ | ० | ४ | | | | | | | |
| | | | | ० | | | | | | | | | | ० |
| जम्मा | | १५५ | १७९ | ३३४ | २९ | १५ | ४४ | ५० | ३६ | ८६ | ० | ० | ० | ४६० |
| स्नातकोत्तर | एमएड | | | ० | | | ० | | | ० | | | ० | ० |
| | एमए | २६ | २५ | ५१ | १० | १८ | २८ | | | ० | ० | ० | ० | ७९ |
| जम्मा | | १८१ | २०४ | ३८५ | ३९ | ३३ | ७२ | ५० | ३६ | ८६ | | | | ५३९ |

स्रोत : क्याम्पस प्रशासन, २०७९ ।

तीन वर्षमा स्नातक र स्नातकोत्तर उत्तीर्ण गर्नेको सङ्ख्या

| स्तर | शैक्षिक कार्यक्रमहरू वर्ष/सेमेस्टर | पछिल्लो तीन वर्षमा स्नातक उत्तीर्ण गर्नेको सङ्ख्या | | | | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | प्रथम वर्ष | | | दोस्रो वर्ष | | | तेस्रो वर्ष | | | चौथो वर्ष | | | |
| | | पु. | म. | जम्मा | पु. | म. | जम्मा | पु. | म. | जम्मा | पु. | म. | जम्मा | |
| स्नातक | | | | | | | | | | | | | | |
| | शिक्षा | २२० | ३९३ | ६१३ | ११२ | १८९ | ३०१ | १२५ | ८० | ३०६ | | | ० | १२२० |
| | बिएड आइसिटी | ७ | ९ | १५ | ७ | ९ | १६ | १२ | ५ | १७ | १२ | ५ | १७ | ६६ |
| | मानविकी | १९१ | १०९ | ३०० | ६८ | ६१ | १२९ | ४३ | ४७ | ९० | | | ० | ५१९ |
| | व्यवस्थापन | ८७ | ७० | १६७ | ४२ | ५४ | ९६ | ३१ | ३१ | ६२ | १४ | २७ | ४१ | ३५६ |
| | विज्ञान | १९० | १४० | ३३० | १३४ | १०१ | २३५ | ९२ | ९६ | १८८ | ८६ | ६८ | १५४ | ९०७ |
| | एलएलबी | १६४ | ७२ | २३६ | | | ० | | | ० | | | ० | २३६ |
| | एक बर्से बिएड | १९ | १४ | ३३ | | | ० | | | ० | | | ० | ३३ |
| | बिएस्सी सिएसइटी | प्रथम सेमेस्टर | | | तेस्रो सेमेस्टर | | | पाँचौं सेमेस्टर | | | सातौं सेमेस्टर | | | ८८ |
| | | | | | ० | ० | ० | | | | | | | |
| | | दोस्रो सेमेस्टर | | | चौथो सेमेस्टर | | | छैटौं सेमेस्टर | | | आठौं सेमेस्टर | | | |
| | | | | | | | | | | | | | | |
| | | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| जम्मा | | ८७८ | ८०७ | १६८५ | ३६३ | ४१४ | ७७७ | ३०४ | ३५९ | ६६३ | ११२ | १०० | २१२ | ३,३३७ |
| स्नातकोत्तर | एमएड | ७६ | २०७ | २८३ | ४९० | ७७३ | १२६३ | | | ० | | | | १५४६ |
| | | | | | | | | | | | | | | |
| | एमए | १७७ | १२६ | ३०३ | १४९ | ८७ | २०६ | | | ० | ० | ० | ० | ५०९ |
| | | | | | | | | | | | | | | |
| जम्मा | | १,१३१ | १,१४० | २,२७१ | ९७२ | १,२७४ | २,२४६ | ३०४ | ३५९ | ६६३ | ११२ | १०० | २१२ | ५,३९२ |

स्रोत : क्याम्पस प्रशासन, २०७९ ।